नेपाल सरकार

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

सूचना प्रविधि विभाग

**सूचना प्रविधि पार्क**

पनौती, काभ्रे

# सूचना प्रविधि पार्कको व्यावसायिक इकाइहरु भाडामा लगाउन दररेट कबोलसहितको प्रस्ताव आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति: २०७२/०६/३२)

नेपाललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना प्रविधि उद्योगको गन्तव्यको रुपमा विकास, विस्तार तथा प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्ने तथा आर्थिक वृद्धिमा योगदान पुर्‍याउने उद्देश्यले सूचना प्रविधि पार्कलाई नेपाल सरकार, विश्वविद्यालय र निजी क्षेत्रको सहकार्यमा प्रभावकारी रुपमा व्यवस्थापन तथा सञ्चालन गर्न आवश्यक नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत सूचना प्रविधि पार्क (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७२ बमोजिम गठित पार्क सञ्चालक समितिको मिति २०७२/०५/१८ को निर्णयानुसार सूचना प्रविधि पार्क पनौती, काभ्रेमा निर्मित व्यावसायिक भवनको (क) भुईं तलामा रहेको एक व्यावसायिक इकाइ खाजा क्यान्टिनको लागि तथा (ख) पहिलो तलामा रहेको एक र दोस्रो तलामा रहेका दुई वटा व्यावसायिक इकाइहरु गरी जम्मा तीनवटा व्यावसायिक इकाइहरु एकल कार्यशालको रुपमा दिइने बमोजिमका सूचना प्रविधिसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्नको लागि माथि उल्लेखित निर्देशिकाको दफा १५ बमोजिम योग्यता पुगेका स्वदेशी/विदेशी फर्म/कम्पनीहरुबाट शुरुमा बढीमा १० (दश) वर्षसम्मका लागि नियमानुसार तोकिएको न्यूनतम भाडा दर (प्रति वर्गफिट प्रति महिना) मा नघट्ने गरी भाडामा लिन यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र माथि उल्लेखित (क) र (ख) का लागि छुट्टाछुट्टै कार्ययोजनासहितको प्रस्ताव पत्र विभागमा पेश गर्नहुन आह्वान गरिन्छ। प्रस्ताव छनौटको आधार सूचना प्रविधि पार्क (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७२ को दफा १६ मा उल्लेख गरे बमोजिम हुनेछ।

- सूचना प्रविधि सिस्टम डिजाइन, विकास र सिस्टमहरुको एकीकरण।
- तालिम, अनुसन्धान र विकास।
- कलसेन्टर र बिजनेस प्रोसेस आउटसोर्सिङ।
- सूचना प्रविधिमा आधारित सेवाहरु।
- प्रशिक्षण/विद्युतीय प्रशिक्षण।
- सफ्टवेयर विशिष्टीकरण।
- सम्मेलन/ गोष्ठी।
- सूचना प्रविधिमा आधारित सेवा र प्राविधिक सहयोग केन्द्र।
- डाटा-केन्द्र, डाटा वेयरहाउसिङ तथा डाटा ब्याकअप र रिकभरीको व्यवस्थापन।
- हार्डवेयर फेब्रिकेसन।
- सूचना प्रविधिसम्बन्धी अन्य क्रियाकलापहरु।

विस्तृत जानकारीको लागि यस विभागमा सम्पर्क राख्न सकिनेछ।

सम्पर्क ठेगाना

सूचना प्रविधि विभाग, सूचना प्रविधि पार्क, पनौती, काभ्रे

इमेल: info@doit.gov.np, फोन: ०११-६६५६०६